

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २९ गते शनिबार ❑ 13 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पहिरोमा पुरिएर पोखरामा एकै घरका ६ सहित ११ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



पहिरोमा पुरियर पोखरामा एकै घरका ६ सहित ११ जनाको मृत्यु भएको छ। केही दिन देखि परेको अविरल बर्षाका कारण बिहीबार राती र शुक्रबार बिहान गरी पोखराका ३ ठाँउमा पहिरोले घर पुरिदा (एकै घरका ज्वाइँ छोरी) ६ जना सहित ११ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

पोखरा १९ पुरुन्चौरमा एकै घर का ६ जनाको मृत्यु भएको हो भने पोखरा ३२ चैतपुर बाह्रबिसेमा ३ जना, पोखराको शिशुवामा एक जनाको गरी ११ जनाको पहिरोमा परी मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्तकुमार शर्माले बताउनु भयो।

पोखरा १९ पुरुन्चौरका तल्लोकोट टारीका कुल बहादुर परियार उहाँका छोरी ज्वाइँ स्याङ्जा निवासी २५ बर्षका अस्मित परियारको पहिरोमा परि मृत्यु भएको उहाँले जनाउनु भयो । उहाँको घर भन्दा केही माथिबाट आएको पहिरोमा परी ४६ बर्षका तुल बहादुर सहित उहाँकी श्रीमती ४३ बर्षकी मनकुमारी परियार, उहाँकी आमा ८५ बर्षकी लक्षिमा परियार, १५ बर्षकी छोरी प्रशना परियार, स्याङ्जा घर भई माइत आउनु भएको छोरी २० बर्षकी प्रभा परियार मृत्यु भएको प्रहरीले जनाएको छ। त्यसै गरी स्थानिय ५६ बर्षकी राधिका परियारको समेत पहिरोमा परी मृत्यु भएको सूचना अधिकारी शर्माले जनाउनु भयो। उहाँले उक्त घटना पश्चात उद्धारमा खटिदा लडेर पहिरोमा पर्दा मृत्यु भएको बताइन्छ।

उक्त घटना विहीबार राति करिब १० बजेको समयमा भएको पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले बताउनु भयो। एक दिन अघि घर भन्दा माथिल्लो भिरालो भागमा सामान्य पहिरो गए पनि त्यसलाई ख्याल नगर्दा ठुलो दुर्घटनामा परी एकै परिवारका ६ सहित ७ जनाको ज्यान गएको स्थानीयले बताउनु भयो। उक्त घटनामा परी कुलबहादुरका छोरा पवन परियार र स्थानीय राधिकाका छोरा कुमार परियार घाइते हुनु भएको छ। उहाँहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरामा उपचार भएको थियो। उहाँहरु बिहान मात्र डिस्चार्च भएको थियो। पोखरा ३२ चैतपुर बाह्रबिसेमा ३ जनाको पहिरोमा परी मृत्यु भएको छ। मृत्यु हुनेहरुमा १८ बर्षकी अनिता ओझा, ११ बर्षकी अनुस्का ओझा र ९ बर्षका प्रतिक सुवदीको पहिरोमा परी मृत्यु भएको कास्की प्रहरीले जनाएको छ। स्थानीय आरती ओझाको टिनले छाएको एक तले ढुंगा माटोले बनेको घरमा माथिबाट आएको पहिरोले पुरिदा उहाँकी छोरीहरु र दाइँको छोरा सुवेदीको मृत्यु भएको प्रहरीले जनाएको छ। त्यसैगरी पोखराको शिशुवामा राती १ बजे आएको पहिरोले घर पुरिदा माइती कुमारी गुरुङको मृत्यु भएको छ। पहिरोमा परी वेपत्ता उहाँको बिहान ७:०० बजे मात्र शव भेटिएको हो। कास्कीको मादी गाउँपालिका ११ बस्ने हाल शिशुवा बस्नु भएको ८० बर्षकी गुरुङ छोरा संग बस्नु भएको थियो। उहाँका ५५ बर्षका छोरा ओम बहादुर गुरुङको उद्धार गरिएको छ। पोखरामा भएका घटनाहरुमा स्थानीय, प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना सहितको टोली राति देखि खटिनु भएको छ।

चैयनपुरकी ४० बर्षकी आरती ओझा पहिरोमा परी घाइते भएसंगै उहाँको पश्चिम क्षेत्रीय अस्पतालमा उपचार भइ रहेको छ। त्यस्तै कास्की मादी गाउँपालिका वडा नं. ११ तल्लो ताप्लेका ५५ को ओम बहादुर गुरुङलाई प्रहरी र स्थानियको सहयोगमा सकुशल उद्दार गरिएको छ। उहाँ समान्य घाइते हुनु भएको छ। यसैचिब गण्डकी प्रदेश सरकारले केही दिन देखिको परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो लगायतका प्राकृतिक विपदमा परी ज्यान गुमाउनु भएको घटना प्रति गहिरो दुःख व्यक्त गरेको छ। ठूलो संख्यामा नागरिकहरु घाइते भएको, धेरैको सख्यामा विस्थापित हुन पुगेको, खेतीयोग्य जमीनमा क्षति पुगेको, देशभरकै सडक सञ्जाल अवरुद्ध भएकोले यात्रुहरु अलपत्र परेको, यसबाट उत्पन्न परिस्थितिले नागरिकको जनजीवन कष्टकर भएकोले सम्पूर्ण पीडितहरुको यो संवेदनशीलता प्रति गण्डकी प्रदेश सरकार आवश्यक समन्वय सहकार्य गर्न तयार रहेको मुख्यमन्त्रीको सचिवालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

गण्डकी प्रदेश सरकारले दश करोड मौज्दातमा नघट्ने गरि प्रदेश विपद् व्यवस्थापन कोषमा व्यवस्थापन गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। विपदमा परेका व्यक्ति वा तिनको परिवारलाई तत्काल रहात सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट नै उपलब्ध हुने प्रवन्ध गरिएको छ भने तीन वटै तहका सरकारहरुले आवश्यक समन्वय र व्यवस्थित योजना साथ सम्पूर्ण रुपले ध्यान केन्द्रीत गरी थप मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सबैसँग आग्रह गरिएको छ।

## प्रधानमन्त्री प्रचण्ड पदमुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



प्रतिनिधिसभाको विश्वास गुमाएसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पदमुक्त हुन भएको छ।

प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रस्तुत गर्नुभएको विश्वासको मतको प्रस्ताव बहुमतले अस्वीकृत भएको छ।

प्रधानमन्त्री दाहालद्वारा नेपालको संविधान २०७२ को धारा १०० को उपधारा (२) बमोजिम प्रस्तुत प्रस्तावमाथि बैठकमा भएको मतदानको परिणाम घोषणा गर्दै सभामुख देवराज घिमिरेले सभामा तत्काल कायम रहेको सङ्ख्याको बहुमतले सो प्रस्ताव अस्वीकृत भएको जानकारी गराउनुभयो। मतदानमा कुल दुई सय ५८ सदस्यले भाग लिएकामा प्रधानमन्त्रीले राख्नुभएको विश्वासको मतको प्रस्तावका पक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसदको गरी जम्मा ६३ मत परेको थियो भने विपक्षमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनता समाजवादी पार्टीलगायत दलका गरी एक सय ९४ मत खसेको थियो। मतदानमा एक सदस्य तटस्थ रहनुभएको थियो।

प्रधानमन्त्रीको विश्वासको मत अस्वीकृत भएसँगै संविधानबमोजिम नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्नेछ। यसअघि एमालेसहितका दलहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहाल संसद्को शुक्रबार बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको हो।

## कांग्रेस र एमालेद्वारा अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा नियुक्तिका लागि दाबी पेस

**रासस**
काठमाडौं, २८ असार



प्रतिनिधिसभाका दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले नयाँ प्रधानमन्त्रीमा दाबी पेस गरेका छन्।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री पदका लागि दाबी पेस गर्न आह्वान गरेलगत्तै दुई पार्टीले दाबी पेस गरेका हुन्।

कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले दलका नेताका हैसियतमा बहुमत सदस्यको हस्ताक्षरसहित अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अत्याधुनिक ७२ शैयाँको सघन उपचार कक्ष मणिपालमा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



नेपालमै पहिलो अत्याधुनिक तथा बहुआयमिक लेबल ३ को ७२ शैयाँको सघन उपचार कक्ष पोखरा ११ मा रहेको मणिपाल शिक्षण अस्पतालले सुरु गरेको छ।

अस्पतालले आफ्नो उपचार क्षेत्रमा नविनतम प्रविधिहरुलाई अङ्गिकार गर्दै आएको सन्दर्भमा हाल उक्त सेवा संचालन गरेको अस्पतालका संचालक मध्यका एक नारायण पौडेलले जनाउनु भयो। स्वास्थ्य क्षेत्रमा प्रभावकारी सेवा दिने उद्धेश्यले आफुहरुले नेपालमै पहिलो अत्याधुनिक तथा बहुआयमिक लेबल ३ को ७२ शैयाँको सघन उपचार कक्ष निर्माण गरेकोले यसबाट पोखरा सहित गण्डकी प्रदेशबासीका जनताहरु लाभान्वित हुने उहाँको भनाई छ। नवनिर्मित सघन उपचार कक्ष ९क्ष्ऋग्०, विरामीहरुको सुरक्षार्थ केद्रिकृत नियन्त्रण प्रणालीमा आधारित हुनुका साथै २ वटा कक्ष कुनै नकरात्मक असर नगर्ने आईसोलेन र ३ वटा सघन उपचार कक्ष क्याविन समेत रहेको अस्पतालले जनाएको छ। अब उत्कृष्ट सेवा का लागि कोही गम्भिर विरामीहरु काठमाण्डौं जानुपर्ने स्थिति मणिपाल अस्पतालले हल गर्ने संचालक पौडेलले दाबी गर्नु भयो। यस नवनिर्मित सघन उपचार कक्षमा रहेका प्रत्यक शैयामा मोनिटर, भेन्टीलेटर, इ.सि.जी मेसिन, यु.एस.जी तथा इको प्रणालीहरु जडित छन् जस्ले गर्दा विरामीहरुलाई धेरै सहज हुने भएको अर्का संचालक आनन्द बतासले बताउनु भयो। सघन उपचार कक्षमा २४ सै घण्टा क्रिटिकल केयर सम्बन्धि ९:म्न्ए० डाक्टरको सेवा उपलब्ध हुनेछ भने विस्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार नर्स र विरामीको अनुमात मिलाई नर्सिङ सेवाको व्यवस्था मिलाईएको उहाँले दाबी गर्नु भयो। उक्त कक्षमा कार्यरत सम्पुर्ण नर्सहरु पनि क्रिटिकल केयर प्रशिक्षित हुने भएको मणिपालले जनाएको छ। यस्का अतिरिक्त यस अत्याधुनिक सघन उपचार कक्षमा संक्रमण नियन्त्रक नर्स डाईटिसियन र फिजियोथेरापिस्टकोपनिउपस्थितिरहनेभएको छ। यसैबिच, उक्त सेवाको एक समारोहका बिच शुक्रबार गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्दै निजी क्षेत्रको उक्त अस्पतालले राज्यलाई समेत सहयोग पुग्ने गरी सेवा प्रवाह गदै आएको उल्लेख गर्नु भयो। स्वास्थ्य क्षेत्रलाई सहज र आम नागरिकको पहुचमा पुर्‍याउन तीनै तहका सरकारको समन्वय आवश्यक भएको उहाँको भनाई छ। मणिपालमा शिक्षण अस्पताल पनि भएकोले उपचार शुल्क सुपथ र सरल हुनुपर्छ भन्नेमा आफुहरु सचेत भएको संचालक बतासले बताउनु भयो। अस्पतालले सेवामा गुणस्तरिय र शुल्कमा सुपथ हुनुपर्छ भन्ने मान्यता राख्दै आएको जनाएको छ। कार्यक्रममा गण्डकी प्रदेश सरकारका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री बिन्दुकुमार थापाको समेत सहभागिता रहेको खिम लामिछानेले बताउनु भयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पदयात्रा पथ प्रदर्शकलाई टान गण्डकीको एक दिने पुर्नताजगी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

ट्रेकिङ एजेन्सिज एशोसियसन अफ नेपाल (टान) गण्डकीले पदयात्रा पथ प्रदर्शकहरुलाई एक दिने पुर्नताजगी तालिम दिएको छ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालित जिविकोपार्जन पुनरुत्थानका लागि दीगो पर्यटन परियोजना (सस्टेनेवल टुरिजम फर लाईभलीहुड रिकभरी प्रोजेक्ट (एसटिएलआरपी)सँग मिलेर टान गण्डकीले शुक्रबार एक दिने पुर्नताजगी तालिम दिएको हो। २० जना महिलासहित कुल ८० जना सहभागी तालिममा पथ प्रदर्शक सम्बन्धित विषयमा प्राध्यापन गर्ने दीपक बास्तोला र दीपेन्द्र पहारीले सहजीकरण गरेका थिए। पथ प्रदर्शक भएर १५/२० वर्षदेखि काम गरिरहेकाहरुलाई अहिलेको समयमा अपडेट गराउन तालिम दिइएको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले जानकारी दिए। उनका अनुसार तालिममा पर्यटकलाई कसरी प्रभावकारी रुपमा गाईड गर्ने ?, म्याप रिडिङ, जिपीएस ट्र्याकिङ, पर्यटकसँग प्रभावकारी सञ्चार, आपतकालीन समयमा अप्नाउनुपर्ने सावधानी, अवैध क्रियाकलाप गर्ने पर्यटकलाई कसरी सम्झाउने र नमानेमा सुरक्षा निकायलाई दिने जानकारीबारे तालिम दिइएको हो।

तालिममा पहारीले उत्प्रेरणात्मक तालिम दिएर उनीहरुलाई काममा थप डेडिकेटेड हुनका लागि आग्रह गरे। टान गण्डकीका उपाध्यक्ष कृष्णप्रसाद आचार्यले कोभिडपछि गाउँ फर्केका पथ प्रदर्शकहरु पुनः काममा फर्किन लागेकाले उनीहरुलाई अहिलेको परिस्थितिसँग जुध्न र कुशल पथ प्रदर्शक बनाउनका लागि तालिम दिइएको बताए। उनले भने,' कोभिडपछि गाउँ फर्केकाहरु बल्ल काममा फर्किन लागेका छन्। त्यसैले उनीहरुमा ग्यापिङ आएको छ। सोहि ग्यापिङ पुरेर कुशल पथ प्रदर्शक बनाउन तालिम प्रभावकारी रह्यो।' तालिममा सहभागी पथ प्रदर्शक गणेश दाहालले तालिममा सिकेका कुराले पथ प्रदर्शनका क्रममा उत्कृष्ट सेवा दिन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

तालिममा सहभागीहरुलाई शुक्रबारै प्रमाण पत्रसमेत प्रदान गरिएको छ। गण्डकीमा ट्रेकिङ गाइड गर्ने १७५ कम्पनीमा करीब ३ हजार पथ प्रदर्शक र सहयोगी रहेको टान गण्डकीले जनाएको छ।

# मृतक पाँचजनाको सामूहिक दाहसंस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

कास्कीको पोखरा महानगर पालिका-१९ पुरुनचौर तल्लाकोटमा गए रातिको पहिरोमा परेर मृत्यु भएका सातमध्ये पाँचजनाको सामूहिक दाहसंस्कार गरिएको छ।

पुरुनचौरका कुलबहादुर परियारको घर गए रातिको पहिरोमा पुरिँदा उहाँको परिवारका छसहित सातजनाको मृत्यु भएको थियो। मृतकमध्ये पाँचजनाको आज साँझ माछापुच्छ्रे गाउँपालिका-२ स्थित सेती नदीको चिन्तेबगर घाटमा सामूहिक दाससंस्कार गरिएको स्थानीयवासी किशोरप्रसाद गौतमले जानकारी दिनुभयो।

पहिरोमा मृत्यु भएका कुलबहादुरसहित उहाँकी आमा ८५ वर्षीया लक्ष्मिमा, पत्नी ४३ वर्षीया मनकुमारी, १५ वर्षीया छोरी प्रशना र छिमेकी राधिका परियारको सेतीमा अन्त्येष्टि गरिएको हो।

मृतकहरूप्रति श्रद्धाञ्जलिका लागि पोखरा महानगर प्रमुख धनराज आचार्य, पोखरा-१९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, जनप्रतिनिधि तथा स्थानीयवासी पुग्नुभएको थियो। सोही घटनामा मृत्यु भएका स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका बस्ने स्वर्गीय कुलबहादुरका छोरी प्रभा र ज्वाइँ अस्मित परियारको दाहसंस्कार भने अस्मितका बुबा वैदेशिक रोजगारीमा रहेकाले उहाँ स्वदेश आएपछि मात्र गरिने परिवारजनले जनाएको छ।

मृतक दुईजनाको शव अहिले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको छ। कास्कीका तीन छुट्टाछुट्टै स्थानमा गए रातिको पहिरामा परेर ११ जनाको मृत्यु भएको थियो।

# भेटिएनन् त्रिशूलीमा बेपत्ता बस

**रासस**
चितवन, २८ असार

भरतपुर महानगरपालिका- २९ सिमलतालस्थित नारायणगढ-मुग्लिन सडकमा आएको लेदोसहितको पहिरोका कारण यात्रुसहित त्रिशूलीमा बेपत्ता दुईवटा बसको खोजी शुक्रबारका लागि स्थगित भएको छ। बिहानैबाट त्रिशूलीमा खसेका बस खोजिए पनि साँझसम्म नभेटिएकाले आजलाई स्थगित गरिएको हो।

चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार अब भोलि बिहानबाट मात्रै बेपत्ता बस र यात्रु खोज्न सुरु गरिनेछ। उहाँले आज दिनभर खोजतलास गर्दा बस फेला पार्न नसकिएको बताउनुभयो। "नदीमा पानीको प्रवाह घटेको छैन। रात परेकाले जोखिम हुने भयो, घटनास्थलबाट तीन/चार किलोमिटर तलसम्म खोज्दा पनि भेटिएन", उहाँले भन्नुभयो। उहाँले नदीमा पानीको प्रवाह उच्च र धमिलो भएका कारण खोज्न समस्या भएको बताउनुभयो।

बेपत्ता भएका बस खोज्ने क्रममा नदीबाट गोताखोरको टोलीले बसमा लगाइएको पर्दा निकालेको छ। हुक लगाएर खोज्ने क्रममा एञ्जल डिलक्स बसमा लगाइएको पर्दा र एउटा ट्राउजर निकालिएको प्रजिअ यादवले बताउनुभयो।

उहाँका अनुसार त्रिशूलीमा हराएका बस खोज्न सशस्त्रका चार, नेपाल प्रहरीको एक गरी पाँचवटा मोटरबोट, गोताखोर टोलीलगायत प्रयोग गरिएको थियो। भरतपुर महानगर पालिका-२९ सिमलतालमा आज बिहान करिब ३ बजे वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००६ख १५१६ नम्बरको एञ्जल डिलक्स बस र काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ख २४९५ नम्बरको बसलाई लेदोसहितको पहिरोले त्रिशूलीमा बगाएको थियो।

# 'प्रदेशलाई आत्मनिर्भर बनाउने विषय प्राथमिकतामा'

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशलाई आत्मनिर्भर बनाउने विषय प्राथमिकतामा रहेको बताउनुभएको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को मस्यौदा छलफल सम्बन्धमा आयोजित प्रदेश विकास परिषद् बैठकको अध्यक्षता गदै उहाँले आत्मनिर्भर र समुन्नत प्रदेश बनाउने सोचका साथ सरकार अघि बढ्ने बताउनुभयो।

प्रदेश स्थापनाको छ वर्ष भइसकेका अवस्थामा यसको औचित्यबारे प्रश्न उठेको बताउँदै उहाँले कामबाट जवाफ दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। सङ्घसँगको परनिर्भरता घटाउँदै प्रदेशलाई आत्मनिर्भर बनाउने सोचका साथ अघि बढ्नु जरुरी भएको उहाँको भनाइ थियो। उहाँले उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो। प्रदेशको आत्मनिर्भरता बढाउन र बढ्दो बसाइँसराइ घटाउन युवाको विदेश पलायनलाई रोक्ने किसिमकाकार्यक्रमअघिबढाइने उहाँले उल्लेख गर्नुभयो। लामो समयको प्रयासपछि प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा तयार भएको बताउँदै उहाँले सम्बद्ध सबै पक्षबाट प्राप्त सकारात्मक सुझावलाई आत्मसात् गरिने बताउनुभयो।

गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले योजना तथा कार्यक्रममार्फत जनताका अपेक्षा पूरा गर्ने किसिमले अघि बढ्नु जरुरी रहेको बताउनुभयो।

गण्डकी प्रदेश नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले उत्पादन वृद्धि र रोजगारी सृजना गर्ने किसिमका कार्यक्रम आवश्यक रहेकामा जोड दिनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता पञ्चराम गुरुङले जीवनोपयोगी [illegible] नीतितथायोजनाआयोगगण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले सम्बद्ध सबै पक्षसँग विभिन्न चरणमा छलफल गरी दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा तयार गरिएको बताउनुभयो।

कार्यक्रममा नीति तथा योजना आयोग गण्डकी प्रदेशका सदस्य माया तिमल्सिना, गाउँपालिका महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष नवराज ओझा, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिलगायतले योजना कार्यान्वयमा जोड दिनुभएको थियो। कार्यक्रममा विभिन्न पाँचवटा विषय क्षेत्र समूह विभाजन गरी ती समूहबाट प्राप्त छलफल तथा सुझाव सङ्कलन गरी प्रस्तुति गरिएको थियो।

# कांग्रेस ...

नियुक्तिका लागि राष्ट्रपति समक्ष केहीबेर अघि दाबी पेस गर्नुभएको अध्यक्ष ओलीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले शुक्रबार प्रतिनिधिसभाको बैठकमा विश्वासको मत नपाएपछि राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि यही असार ३० अपरान्ह ५ बजेभित्र दाबी पेस गर्न आह्वान गर्नुभएको थियो।

# अर्को मन्त्रिपरिषद् गठन नभएसम्म यही मन्त्रिपरिषद्ले कार्य गर्ने

**रासस**
काठमाडौं, २८ असार

राष्ट्रपति रामचन्द्र पौडेलले अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि वर्तमान मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्ने गरी तोक्नुभएको छ।

राष्ट्रपति कार्यालयबाट आज जारी विज्ञप्तिमा राष्ट्रपति पौडेलले नेपालको संविधानका धारा ७७ को उपधारा (३) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि वर्तमान मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्नेगरी तोक्नुभएको उल्लेख छ।

"प्रधानमन्त्री दाहालले संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधिसभाको आजको बैठकमा राख्नुभएको विश्वासको मतसम्बन्धीको प्रस्ताव सोही धाराको उपधारा (३) बमोजिम सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेको व्यहोरा सङ्घीय संसद् प्रतिनिधिसभा सभामुखको यही असार २८ गतेको पत्र प्राप्त हुन आएकाले संविधानबमोजिम यही मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्नेगरी तोक्नुभएको छ", विज्ञप्तिमा उल्लेख छ।

# गण्डकीमा मनसुनजन्य विपद्मा परी ३८ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

यही असार १ गतेदेखि हालसम्म भएका मनसुन्य विपद्का घटनामा परी गण्डकी प्रदेशमा ३८ जनाको मृत्यु भएको छ।


बाढी पहिरोलगायत घटनामा ज्यान गुमाउनेमा २१ महिला र १७ जना पुरुष रहेका गण्डकी प्रदेश प्रहरी कार्यालयले जनाएको छ। कार्यालयका अनुसार उक्त अवधिमा ८२ वटा मनसुनजन्य विपद्का घटना भएका छन्। सबैभन्दा बढी कास्कीमा पहिरोमा परी १४ जनाको मृत्यु भएको कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार मनसुनी विपद्मा परी स्याङ्जामा सात, लजमुङमा पाँच, तनहुँमा चार, बागलुङमा तीन, म्याग्दीमा दुई, पर्वतमा दुई र नवलपुरमा एकजनाको मृत्य भएको हो। गए राति मात्र पहिरोका घटना परी कास्कीमा ११ र म्याग्दीमा दुईजनाको मृत्यु भएको थियो। मनसुनजन्य विपद्का घटनामा आठ महिला र १७ पुरुष गरी २५ जना घाइते र ७६ जना विस्थापित भएका प्रहरी वरिष्ठ उपरीक्षक रेग्मीले जानकारी दिनुभयो। "एकानब्बे पशुचौपाया र छ सय ९० पक्षीको मृत्यु भएको छ। विपद्का कारण झण्डै दुई करोड बराबरको भौतिक क्षति भएको छ", उहाँले भन्नुभयो। सबैभन्दा बढी कास्कीमा २३ मनसुनजन्य विपद्का घटना भएका प्रहरी प्रवक्ता रेग्मीले बताउनुभयो। सो अवधिमा गोरखा र मुस्ताङमा विपद्का घटना भएका छैनन्। उहाँका अनुसार स्याङ्जामा १२, पर्वतमा १०, नवलपुरमा छ, बागलुङमा चार, लमजुङ आठ, मनाङमा एक, म्याग्दीमा आठ र तनहुँमा आठ विपद्का घटना भएका छन्। यसै बीच, केही दिनयता निरन्तर वर्षा भइरहेकाले सतर्कता अपनाउन प्रहरीले सर्वसाधारणमा अनुरोध गरेको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नयाँ 'मिष्टर नेपाल' को खोजी, पोखरा अडिसन असार २९ गते

**पोखरापत्र संवाददाता**
गण्डकी, २८ असार

मिस्टर नेपालको गण्डकी प्रदेश अडिसन असार २९ गते हुने भएको छ । १६ औं संस्करणको मिस्टर नेपालका लागि यसपटक पनि क्षेत्रीय अडिसन गर्न लागिएको हो ।

पोखरा अडिसन लेकसाइड स्थित होटेल बाराहीमा आयोजना गरिएको मिस्टर नेपाको गण्डकी प्रदेश निर्देशक आशिष पुरीले जानकारी दिए । पुरीका अनुसार अडिसनमा पोखरा लगाएत छिमेकी जिल्ला स्याङ्जा, तनहुँ, गोर्खा, बागलुङबाट पनि सहभागी हुनेछन् । १८ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरुले सहभागिता जनाउन सक्ने प्रतियोगिताको आवेदन ई-सेवा तथा अडिसनमै वा सामाजिक सञ्जालबाट समेत प्राप्त गर्न सकिनेछ। प्रतियोगितामा विश्वका जुनै कुनामा रहेका ५ फिट ७ इन्च माथि उचाई भएका नेपाली नागरिकले सहभागिता जनाउन सक्नेछन् ।




पोखरा अडिसनबाट करिब ५ देखि १० जना छनौट गरिने र उनीहरुले फेरि काठमाडौंमा अडिसन दिनेछन् । देशभरका अडिसनबाट छनौट भएकाहरुबीच काठमाडौंमा फेरि अडिसन हुनेछन् । जहाँबाट २५ जना छनौट हुनेछन् । उनीहरुलाई एक महिनाको प्रशिक्षण दिइनेछ ।

प्रशिक्षणपछि काठमाडौंको याक एण्ड यतिमा ग्राण्ड फिनाले हुनेछ । पोखराबाहेक नेपालगंज, बुटवल, चितवन, हेटौडा, जनकपुर,दमक र विराटनगरमा अडिसन सम्पन्न भइसकेको छ मिस्टर नेपालको विजेताले पाँच लाख बराबरको पुरस्कार प्राप्त गर्नेछन् । यस्तै मिस्टर नेपालले मिस्टर वर्ल्डमा सहभागी हुने अवसर प्राप्त गर्नेछन् भने फर्स्ट रनरअपले मिस्टर ग्लोबक तथा सेकेन्ड रनरअपले मिस्टर टुरिजममा सहभागी हुने अवसर प्राप्त गर्नेछन् । मिस्टर नेपाल सन् २००२ देखि आयोजना हुँदै आएको छ ।

# कुलबहादुरलाई राति घरमा नबस्न छिमेकीले सल्लाह दिएका थिए

**रासस**
पोखरा, २८ असार

कास्कीको पोखरा महानगरपालिका-१९ पुरुनचौर तल्लाकोटकी राधिका परियारले बिहीबार राति देवर कुलबहादुरलाई भन्नुभएको थियो, 'आज हामी सुत्नु हुँदैन । झ्याल ढोका खुला राखेर बस्नुपर्दछ, पहिरो आयो भने भागौंला ।'

सासूआमा ८५ वर्षीया लक्षिमा राधिकाको घरमा खाना खाएर सुत्न देवरको घर जानुभएको थियो । साँझ छोरीज्वाइँ आएकाले राधिका पनि घरसँगै जोडिएको देवरको घर जानुभयो । सासूआमा ८५ वर्षीया लक्षिमा पिँढीमा बस्नुभएको थियो । अन्य सबै जना घरमा एउटै कोठामा हुनुहुन्थ्यो । राति १० बजेतिर राधिका देवरको घरबाट फर्किएको १२ मिनेट पनि भएको थिएन । उहाँ र श्रीमान् सुवर्ण कोठामा बसेर मोबाइल फोन चलाउँदै हुनुहुन्थ्यो । भूकम्प जस्तो भयो । दुवैजना डरले कोठाबाट बाहिर निस्कनुभयो ।



राधिका डरले पल्लोघरतिर भाग्नुभयो । श्रीमान् सूवर्ण भाइको परिवारलाई बचाउँछु भनेर जाँदा टिनले छाएको ढुङ्गा माटोले बनेको एकतले घर पहिराले पुरिसकेकेको थियो । पहिरोले कुलबहादुर सहित आमा ८५ वर्षीया लक्षिमा, पत्नी ४३ वर्षीया मनकुमारी, १५ वर्षीया छोरी प्रशना, २० वर्षीया छोरी प्रभा, ज्वाइँ २५ वर्षीय अस्मित परियारलाई एकै ठाउँमा पुरेको थिए । पहिरोमा परेर उद्धारका लागि पुग्नुभएका छिमेकी राधिका परियारको पनि मृत्यु भएको प्रहरीले जनाएको छ ।

कुलबहादुरका १७ वर्षीय छोरा पवन भने हुत्तिएर बाँच्न सफल हुनुभयो । पवनलाई छिमेकीले उद्धार गरी अस्पताल लगेका थिए । घरमाथि अघिल्लो दिननै सानो पहिरो खसेको थियो । जमिन धेरै भिरालो नभएकाले थप पहिरो नजाला भन्ने अनुमान गरेपनि पानी निरन्तर परिरहेकाले त्रासले रातभर नसुत्ने योजनामा दुवै परिवार थिए । "अस्ति सानो पहिरो खसेको थियो । अब तल आउँदै न होला भन्ने भयो । आयो भने भाग्ने भनेर बसेका पनि थियौँ ।" राधिकाले भन्नुभयो उहाँकाअनुसार कुलबहादुरका ज्वाइँ र कान्छी छोरी राति छाता ओढेर घर माथितिर हेर्न जानुभएको थियो । माथि सामान्य रहेकाले चिन्ता नगर्न ज्वाईले भनेपछि उहाँ आफ्नो घर फर्किनुभएको थियो । "माथि हेरेर आएपछि ज्वाईँले भगवानले हाम्रो रक्षा गर्नुहुन्छ । पहिरो आउदैन भन्नुभयो । तर मैले लापरबाही गर्नुहुँदैन, आज सुत्नु हुँदैन भनेर हिँडेको केही समयमै गुर्र घरमाथि पहिरो खस्यो ।" उहाँले भन्नुभयो । कुलबहादुरलाई पहिराको त्रास भएपनि घरमा पाहुना आएकाले घर छाड्न नमानेको उहाँले बताउनुभयो । पहिराले राधिकाको घरको एक कोठामा पनि क्षति पुगेको छ । अर्को कोठामा बसेकाले उहाँ पहिराबाट जोगिनुभएको हो । राधिकाको सुत्ने कोठा पहिराले पुरिएको हो । गएराति आफू अर्को कोठामा गएर बसेकाले बाँच्न सफल भएको राधिकाले बताउनुभयो । पहिराबाट आफू जोगिए पनि देवरको पूरै परिवार सखाप भएकाले उहाँ विक्षिप्त हुनुहुन्छ । "जापान भएकी छोरीले अब कसरी आफूलाई सम्हाल्ली । कसरी खबर गर्नु, कस्तो दिन भोग्नु पर्यौं ।"राधिकाले आँसु झार्दै भन्नुभयो । स्थानीयका अनुसार कुलबहादुरलाई पहिराको जोखिम रहेकाले घरमा नबस्न सल्लाह दिइएको थियो । छिमेकीहरुले वैकिल्पक व्यवस्था गर्न भनेका थिए । अर्को विकल्प नभएकाले कुलबहादुरको परिवारले घर छाडेन । पहिराको त्रासमा भने बसेको थियो । पोखरा-१९ का वडासदस्य विकास आचार्यले बिहीबार साँझ बजेतिर कुलबहादुरलाई खाना घरमै खाएपनि बास नबस्न आग्रह गरेको बताउनुभयो । उहाँले भन्नुभयो,"पानी परिरहेको छ, पहिराको जोखिम छ आजलाई खाना पकाएर खाएपनि रात नबस्नु हामी अर्को व्यवस्था गर्छौं भनेर निस्केको थिएँ, त्यसै गर्नुपर्ला भन्नुभएको पनि थियो । राति ठूलो आवाज सुनेँर बाहिर निस्कदा अरुलाई पहिराले पुरिसकेको रहेछ । छोरालाई मात्र जोगाउन सफल भयौँ ।"

# आदिकवि भानुभक्तको दुई सय ११औं जन्मजयन्ती मनाइँदै

**रासस**
काठमाडौं, २८ असार

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको दुई सय ११औं जन्मजयन्ती शनिबार देश तथा विदेशका विभिन्न स्थानमा विविध कार्यक्रम गरी मनाइँदैछ ।

संस्कृत भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भानुभक्तले भावानुवादसहित 'रामायण'मा प्रस्तुत गर्नुभएको थियो । उहाँले लेख्नुभएको रामायण अहिले पनि नेपालीहरूको घर-घरमा सस्वर लय हालेर पाठ गरिन्छ ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गर्नुभएको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गर्नुभएको हो । विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा जन्मिनुभएका भानुभक्तलाई एक सामान्य घाँसीले 'जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ति उपदेश दिनुभएकाले उहाँ रामायणलाई नेपालीमा रचना गर्न प्रेरित हुनुभएको थियो । 'वधुशिक्षा' उहाँको अर्को प्रसिद्ध कृति हो । यसैगरी, उहाँका 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत कृति छन् । कुमारी चोकको हिसाब मिलाउन नसकेर झ्यालखानामा पर्नुभएका आदिकवि आचार्यले सरकारी कार्यलयमा हुने ढिलासुस्ती र 'भोलिवाद' का कट्टर विरोधी भएर कवितामा भोलिको विरोध गर्दै लेख्नुभएको थियो, 'भोलिभोलि भन्दैमा सब घर बितिगो बक्सियोस् आज झोली ।'

नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान छ। भानुभक्त ऐतिहासिक व्यक्ति भएकाले सम्पूर्ण नेपालीले उहाँको सम्मान गर्नुपर्ने र उहाँको विचारका बारेमा उठेका विवादमाथि छलफल एवं समीक्षात्मक कार्यक्रम गर्नु आजको प्रमुख आवश्यकता भएको समालोचकहरूको धारणा छ । त्रिभुवन विश्वविद्यालयबाट भानुभक्तबारे स्नातकोत्तरमा थुप्रै शोधग्रन्थ लेखिएका छन् । यस उपलक्ष्यमा आजबिहान काठमाडौंको रानीपोखरीअगाडि रहेको राष्ट्रिय विभूति भानुभक्तको प्रतिमामा माल्यार्पण र नगर प्रभातफेरी गर्ने कार्यक्रम रहेको छ । घरघरमा उहाँले नेपाली भाषामा भावानुवाद गर्नुभएको रामायण पाठ गरी भानुजयन्ती मनाउँछन् । यस अवसरमा भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने संस्थाले आज विभिन्न कार्यक्रम गरी भानुजयन्ती मनाउँदै छन् । भानुभक्तभन्दा अघि नै नेपालीभाषामा कविता लेख्ने कवि भएकाले उहाँलाई आदिकवि भन्न नमिल्ने तर्क पनि उठ्ने गरेका छन् । भानुभक्तका विषयमा अध्ययन अनुसन्धान गरिरहनुभएका त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली रामायणजस्तो ग्रन्थलाई नेपाली लोकलयमा भावानुवाद गरी भाषिक एकताको महत्वपूर्ण योगदान गर्नुभएकाले भानुभक्तलाई आदिकवि भनिनु न्यायोचित रहेको बताउनुहुन्छ । रामायण ग्रन्थले भाषिक क्षेत्रमा नयाँ युगनिर्माण गरेको मानिन्छ ।

उहाँको निधन विसं १९२५ असोजमा भएको थियो । भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किम, भूटान, बर्मालगायत नेपाली भाषी धेरै रहेका देश एवं स्थानमा पनि मनाइन्छ ।

# तनहुँमा 'चैते-५' को बीउ उत्पादन सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ असार

बाहिरबाट चैते धानको बीउ ल्याउनुपर्ने बाध्यताको अन्त्य गर्न जिल्लामा 'चैते-५' जातको मूल बीउ उत्पादन थालिएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले चैते धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लामा नयाँ जात चैते-५ को बीउ उत्पादन सुरु गरेको हो ।

कृषकलाई चैते धानखेतीतर्फ आकर्षित गर्न चालु आर्थिक वर्षमा करिब पाँच हेक्टर क्षेत्रफलमा तीन सय केजी चैते-५ को मूल बीउ उत्पादन सुरु गरिएको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । जिल्लामा चैते धानखेतीतर्फ किसानको आकर्षण घट्दा उत्पादन घटेकाले चैते धान प्रवर्द्धन कार्यक्रम लागू गरी जिल्लामा बीउ उत्पादन सुरु गरिएको उहाँले बताउनुभयो ।

"चैते-५ को उन्नत बीउ छ हजार केजी खरिद गरी तीन सय केजी उत्पादन सुरु भएको छ । बीउ उत्पादन भएपछि आगामी वर्षदेखि चैते धानको बीउ बाहिरबाट ल्याउनुपर्दैन", लामिछानेले भन्नुभयो । उहाँका अनुसार चैते-५ धान चाँडो पाक्ने, मसिनो दाना हुने, खानामा मिठो, बढी उत्पादन दिने तथा रोग कीरा सहन सक्ने खालको प्रजाति हो । यो जातको बोट मध्यम उचाइको हुने भएकाले सामान्यतयाः सिँचाइ सुविधा भएको मलिलो जग्गामा यसको खेती गर्न सकिने उहाँले बताउनुभयो । पछिल्लो एक दशकयता जिल्लामा वर्षे, चैते र घैयूया धान घट्दो अवस्थामा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । पुरानो बीउ प्रयोग गरिएकाले पनि धान उत्पादन घट्दो क्रममा रहेको भन्दै नयाँ जातको धानको बीउ रोप्नुपर्ने केन्द्रका प्रमुख लामिछानेले बताउनुभयो ।

विसं २०६० मा ३५ हजार सात सय ८६ मेट्रिक टन वर्षे धान उत्पादन भएकामा विसं २०७९ मा ३३ हजार दुई सय ८० मेट्रिक टन धान उत्पादन भएको छ । त्यतिबेला १२ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा वर्षे धानखेती हुने गरेकामा अहिले घटेर आठ हजार तीन सय २० हेक्टर क्षेत्रफलमा धान खेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

यसअवधिमा वर्षे धानखेती गर्ने क्षेत्रफल चार हजार २० हेक्टर क्षेत्रफल घटेको छ भने दुई हजार पाँच सय छ मेट्रिक टन धान उत्पादनमा कमी आएको छ । "विसं २०६० मा ११ हजार सात सय ८० मेट्रिक टन चैते धान उत्पादन भएकामा विसं २०७९ मा सात हजार नौ सय ३८ मेट्रिक टन चैत धान उत्पादन भएको छ", केन्द्रका प्रमुख लामिछानेले भन्नुभयो, "तीन हजार आठ सय हेक्टर क्षेत्रफलमा चैते धानखेती हुने गरेकामा अहिले घटेर एक हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा मात्रै चैत धान उत्पादन हुने गरेको छ । यसअवधिमा चैते धानखेती गर्ने क्षेत्रफल एक हजार नौ सय १० हेक्टर क्षेत्रफल घटेको छ भने तीन हजार आठ सय ४२ मेट्रिक टन धान उत्पादनमा कमी आएको छ ।" कार्यालयले चालु आर्थिक वर्षमा चैते धान प्रवर्द्धन कार्यक्रमका लागि रु एक करोड ४० लाख बजेट विनियोजन गरेको थियो ।

विभिन्न १२ सहकारीमार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ । यो कार्यक्रमका लागि रु एक करोड चार लाख ९५ हजार खर्च भएको छ । यो कार्यक्रमबाट पाँच सय ३४ घरधुरी लाभान्वित भएका छन् । कार्यक्रममार्फत ५६ वटा मिनीटिलर खरिद, एकवटा रिपर हेड, पाँच केज हुइल, तीनवटा धान काट्ने मेसिन, १२ धान चुट्ने मेसिन, एक सय १८ स्प्रेयर, चार सय ४५ त्रिपाल, १८ डिजिटल तराजुलगायत सामग्री खरिद गरी वितरण गरिएको केन्द्रका प्रमुख लामिछानेले जानकारी दिनुभयो ।

# बाढीपहिरामा परी एक सय तीन जनाको मृत्यु, एक सय नौ घाइते

**रासस**
काठमाडौं, २८ असार

अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा बाढीपहिरोलगायत भएका विपद्का घटनामा एक सय तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बाढी, पहिरोलगायत विपद्मा परी काठमाडौं उपत्यकामा एक जना, कोशी प्रदेशमा १९ जना, मधेस प्रदेशमा पाँच जना, बागमती प्रदेशमा छ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा चार जना र सुदूरपश्चिम प्रदेशमा सात जना गरी एक सय तीन जनाको मृत्यु भएको हो । काठमाडौं उपत्यकामा तीन जना, कोशी प्रदेशमा ३१ जना, मधेस प्रदेशमा ८ जना, बागमती प्रदेशमा चार जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी एक सय नौ जना घाइते भएका छन् । कोशी प्रदेशमा ४१ र गण्डकी प्रदेशमा १२ जना गरी ५३ जनाको उद्धार गरिएको छ । बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई जना, बागमती प्रदेशमा दुई जना र गण्डकी प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी छ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी जारी छ । बाढीका कारण एक सय ८२ घर डुबानमा परेका छन् । एक सय ८९ वटा घर, ७२ वटा गोठ, ४१ वटा पुल, एउटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति भएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार पाँच सय ४७ परिवार विस्थापित भएका छन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाव | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पहिरोले स्वास्थ्य चौकी भवनमा क्षति

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ असार

पहिरोले बागलुङ नगरपालिका-१० भकुण्डेस्थित स्वास्थ्य चौकीमा क्षति पुगेको छ ।

स्वास्थ्य चौकी माथिदेखि आएको पहिरोले भुकुण्डे स्वास्थ्य चौकीको आधा भाग पुरिएको छ । स्वास्थ्य चौकीको आधा भाग पुरिएपछि स्वास्थ्यकर्मी जोखिम मोलेर काम गर्दैआएका छन् । स्वास्थ्य चौकीभन्दा माथिको जग्गामा चिरा परेकाले अझै पहिरो खस्ने खतरा रहेको स्वास्थ्य चौकीका प्रमुख उमेश सर्वुजाले जानकारी दिनुभयो । करिब एक सय मिटर माथिदेखि पहिरो खसेको छ । जोखिम मोलेर बिरामीको उपचार गर्नुपरिरहेको प्रमुख सर्वुजा बताउनुहुन्छ । गत वर्ष मात्रै निर्माण सम्पन्न भएको उक्त स्वास्थ्य चौकी भवन जोखिममा परेपछि सेवा प्रवाहमा समस्या हुन थालेको उहाँले बताउनुभयो । निरन्तर वर्षा भए भवन नै बग्ने जोखिम छ । बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने महिलालाई बढी समस्या भएको उहाँ बताउनुहुन्छ ।

"पहिला पुरानो जीर्ण भवनबाट सेवा दिँदै आएका थियौं, नयाँ भवन बनेको एक वर्ष मात्रै भयो," प्रमुख सर्वुजाले भन्नुभयो, "दैनिक बिरामी आउँछन्, बाहिरै राखेर उपचार गनुपर्ने अवस्था छ ।"

## मानिस हराएको सूचना



कास्की पो.म.न.पा. वडा नं. ११ फुलबारी बस्ने वर्ष ६६ को बिर बहादुर गुरुङ भन्ने कुमानसिं नेपाली मिति २०७१/०४/१० गतेदेखि हराएको भनि ऐ.ऐ. बस्ने वर्ष ५९ की निजको श्रीमती लिला गुरुङ भन्ने लिला नेपालीले मिति २०८०/०८/०१ गते खोजतलास गरी पाउ भनि जिल्ला प्रहरी कार्यालय कास्कीमा निवेदन दिएकोमा उक्त हराएको मिति भुलबस फरक पर्न गएको र हराएको एकीन मिति २०७३/०७/२० गते भनि जिल्ला प्रहरी कार्यालय कास्कीमा मिति २०८१/०३/२५ गते खोजतलास गरी पाउँ भन्ने बारे निवेदन दिएको हुँदा निज बिर बहादुर गुरुङ भन्ने कुमानसिं नेपाली हालसम्म पनि कहीकतै फेला नपरेको जानकारीका साथै नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क नं. ९८०९२५६३७१, ९८०६६७०२९९**
**पोखरा-११, कास्की**

# पहिरो र कटानले बेनी–जोमसोम खण्ड चार ठाउँमा अवरुद्ध

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असार

उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर अन्तर्गत बेनी–जोमसोम–कोरला सडकको म्याग्दी खण्ड कम्तीमा चार ठाउँमा पहिरो र कटान जाँदा आवागमन अवरुद्ध भएको छ । सडक अवरुद्ध हुँदा मुस्ताङ जिल्ला, अन्नपूर्ण गाउँपालिकाको पुरै र रघुगङ्गा गाउँपालिकाको छवटा वडामा यातायात सञ्चालन हुन सकेका छैनन् ।

बेनी–जोमसोम सडक आयोजनाका सबइन्जिनियर सोहनजङ्ग कार्कीका अनुसार रघुगङ्गा गाउँपालिकाको र ह्वुघाट, बैसरी, सिरुवारी र कालीओडारमा पहिरो र कटानका कारण सडक अवरुद्ध बनेको छ । "अन्नपूर्णको रुप्से, गुइठेभिर, भिरकाटे र दोवाखोलाको पहिरो पन्छाएर यातायात सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "कालीओडार, सिरुवारी र बैसरीमा पहिरो पन्छाउन सडक विभागको डोजर, लोडरलगायत उपकरण, प्राविधिक जनशक्ति र मजदुर परिचालन भएका छौं ।"

बेनी–जोमसोम सडकको प्रवेशविन्दुमा पर्ने रघुगङ्गा–३ गायत्री मन्दिर नजिकै रघुगङ्गा नदीले कटान गरेर भासिएको सडक मर्मत गर्न केही समय लाग्ने सबइन्जिनियर कार्कीले बताउनुभयो । "भिर काटेको पहिरोबाहेक अन्य पहिरो बेनी–जोमसोम सडकमा हरेक मनसुनमा दैनिक झरिरहने नियमित र अति जोखियुक्त पहिरो हुन्", उहाँले भन्नुभयो, "सडक अवरुद्ध हुँदा रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र मुस्ताङका बासिन्दाका साथै पर्यटक, तिर्थयात्रीहरूलाई समस्या भएको छ ।"

सडक अवरुद्ध हुँदा निर्माणाधीन जलविद्युत्, प्रसारण लाइन, सडकलगायत विकास आयोजना प्रभावित भएका छन् । म्याग्दीको रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका किसानले उत्पादन गरेको आलु बजार पठाउन समस्या भएको छ ।

पहिराले पोल ढलाएपछि अन्नपूर्ण गाउँपालिकाका अधिकांश वडामा विद्युत् आपूर्ति बन्द हुँदा जनजीवन कष्टकर बनेको अन्नपूर्ण–६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । यसैबीच फापरखेत र बाङ्गेपहिरामा अवरुद्ध म्याग्दीको पश्चिमी क्षेत्रका धवलागिरि, मालिका र मङ्गला गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडक खुलाउन डोजर परिचालन गरिएको जिल्लास्थित पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

**बाढीपहिरोले कल्भर्ट बगाउँदा सडक अवरुद्ध**

बिहीवार रातिको भीषण वर्षाका कारण तनहुँका विभिन्न ग्रामीण सडकखण्ड अवरुद्ध भएका छन् । विभिन्न खोलामा आएको बाढीपहिरोका कारण जिल्लाका विभिन्न ठाउँका सडकखण्ड अवरुद्ध भएका हुन् । बाढीपहिराले केही ठाउँमा कल्भर्ट बगाएको छ ।

व्यास नगरपालिका–११ पुरनडिहीस्थित राम्दी खोलामा बाढीले दुईवटा कल्भर्ट बगाउँदा सडक अवरुद्ध भएको छ । उक्त सडक हुँदै सोही वडाको फरकचौर, बेल्टारी, शेरासम्मको आवागमन ठप्प भएको छ ।

भानु नगरपालिका–५ टुहुरेपसलस्थित खत्रीखोलामा आएको बाढीले कल्भर्ट बगाउँदा डुम्रे–चन्द्रावती खण्ड अवरुद्ध भएको छ । खत्रीखोलामा आएको बाढीले ह्युमपाइप बगाएपछि भानु–१२, १३, ६ र ७ मा सञ्चालित सवारसाधन रोकिएका वडाध्यक्ष धिरज खनालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भानुको उत्तरी भेग १२ र १३ को 'लाइफलाइन'का रूपमा रहेको यस ठाउँको कल्भर्ट बगाउँदा सर्वसाधारणलाई आवाजजावतमा कठिनाइ भएको छ ।" पृथ्वीराजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका–६ मौरीओडार, व्यास–१२ घाँसीकुवा, बन्दीपुर गाउँपालिका–५ याम्पालगायत ठाउँमा गएको पहिरा भने पन्छाएर पृथ्वीराजमार्ग पूर्ण रूपमा सञ्चालन भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।



सेती नदीमा बाढी : लगातारको वर्षासँगै सेती नदीमा आएको बाढीका कारण पोखरा–१४ बाच्छेबुढुवामा कटान गर्दा जोखिममा परेको वात्सल्यायन वृद्धाश्रम । तस्बिर : ऋषिराम बराल / रासस

# तटबन्ध बगाएपछि गलेश्वर र राहुघाट जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असार

म्याग्दीको रघुगङ्गा नदीमा आज आएको बाढीले रघुगङ्गा गाउँपालिका–३ राहुघाटमा सडक र बेनी नगरपालिका–९ गलेश्वरमा तटबन्ध बगाएको छ । बाढीले तटबन्ध र सडक कटान गरेपछि बेनी–जोमसोम सडक अवरुद्ध बनेको छ ।

रघुगङ्गा नदीले बेनी नगरपालिका–९ गलेश्वरतर्फ बाढी नियन्त्रणका लागि निर्माण गरेको तटबन्ध भत्काएको छ । गलेश्वरको बस्ती, पक्की पुल र राहुघाटको बस्ती बाढीको जोखिममा परेको राहुघाटका लक्ष्मण चालिसेले बताउनुभयो । गलेश्वरतर्फका १० घर जोखिममा परेका छन् ।

राहुघाट र कालीगण्डकीको दोभानबाट ढुङ्गा, गिट्टी र बालुवा निकाल्न डोजरका लागि बनाइएको बाटोबाट बाढी पसेर सडक कटान गरेको हो । रघुगङ्गाको कटानका कारण र ह्वुघाटस्थित गायत्री मन्दिर क्षेत्र जोखिममा परेको स्थानीय पदम छन्त्यालले बताउनुभयो ।

बेनी–जोमसोम–कोरला सडकको म्याग्दीखण्ड र ह्वुघाटसहित चार ठाउँमा पहिरोका कारण अवरुद्ध भएको छ । सडक अवरुद्ध हुँदा मुस्ताङ, अन्नपूर्ण गाउँपालिका र रघुगङ्गा गाउँपालिकाको यातायात सेवा प्रभावित बनेको छ ।

बेनी–जोमसोम सडक आयोजनाका सव ईन्जिनियर सोहनजङ्ग कार्कीका अनुसार रघुगङ्गा गाउँपालिकाको र ह्वुघाट, बैसरी, सिरुवारी र कालीओडारमा पहिरो तथा कटानका कारण सडक अवरुद्ध भएको छ ।

# 'मेरो विश्वासको मत सङ्ख्याको प्रयास होइन'

रासस
काठमाडौं, २८ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधन जटिल र संवेदनशील विषय भएकाले सबैपक्ष गम्भीर हुनुपर्नेमा जोड दिनुभएको छ ।

समावेशीतालाई खारेज गर्ने मनशायले नयाँ गठबन्धन बनेको टिप्पणी गर्दै उहाँले सम्पूर्ण महिला, दलित, जनजाति, मधेसी, अल्पसङ्ख्यकलाई सम्मान गर्नेगरी संविधान संशोधन गर्न प्रस्ताव गर्नुभएको हो ।

प्रतिनिधिसभाबाट आज विश्वासको मत लिने क्रममा प्रधानमन्त्री दाहालले भन्नुभयो, "साथीहरूलाई मेरो विनम्र प्रश्न छ, संविधान संशोधन जस्तो जटिल र संवेदनशील विषयमा यस्तै तरिकाले छलफल हुन्छ ? त्यो तरिकाले पाउँछ जनताको स्वीकार्यता ? राष्ट्रियसभाको सबैभन्दा ठूलो दल माओवादी केन्द्रलाई किनारा लगाएर सम्भव छ संविधान संशोधन ?" "संविधान संशोधन नै गर्ने हो भने आउनुस्, खुला छलफल गरौँ, प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाऔँ । दलित र महिलाको प्रतिनिधित्व अझै बढाएर जाउँ । उत्पीडित जाति, वर्ग र समुदायका अधिकारलाई सुरक्षित गरौँ", प्रधानमन्त्रीले भन्नुभयो, "विपन्न वर्गको राज्यसंरचनामा प्रतिनिधित्व बढाऔँ । महिला, उत्पीडित वर्ग, जाति र क्षेत्रको सम्मानजनक प्रतिनिधित्व यो संविधानको आत्मा हो । यसलाई खोसेर फेरि महिला, दलित आदिवासी जनजाति, मधेसी थारु र मुस्लिमलगायत धार्मिक अल्पसङ्ख्यकलाई पहिले जस्तै राज्यका निकायमा प्रतिनिधित्वविहीन बनाउने प्रयास किमार्थ सफल हुने छैन ।" प्रधानमन्त्री दाहालका अनुसार हिजो जसको प्रतिनिधित्व केवल प्रतीकात्मक र निरङ्कुश शासकको दयामा निर्भर थियो, आज त्यो सुनिश्चित र अधिकारपूर्ण छ । हिजो महिला प्रतिनिधित्व राज्य र दलहरूको विमर्शका विषयसम्म थिएन, आज केन्द्र र प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्व संविधानबाटै सुनिश्चित भएको उहाले बताउनुभयो ।

"महिला, दलित, आदिवासी जनजाति माननीयज्यूहरू, सङ्ख्या पुगोस नपुगोस्, इतिहासमा तपाईंहरूको भूमिका दर्ज होस् भनेर पनि मैले विश्वासको मतको अधिकारको प्रयोग गरेर प्रतिगमनविरूद्ध प्रतिरोध सुरू गरेको हुँ", प्रधानमन्त्रीले भन्नुभयो, "यो सङ्ख्याको पहल होइन, प्रतिवाद र प्रतिरोधको पहल हो । साथ दिने नदिने तपाईंहरूको विवेकको विषय भयो तर मलाई जनताप्रति भरोसा छ, जनताको साथ प्राप्त हुनेछ ।"

# घाँसखेती गर्ने ३७ किसानलाई अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, २८ असार

जिल्लाको भानु नगरपालिकाले पशुपालक ३७ जना किसानलाई घाँसखेती अनुदान प्रदान गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा घाँसखेती विस्तार कार्यक्रमअन्तर्गत प्रतिरोपनी रु तीन हजारका दरले किसानलाई अनुदान वितरण गरिएको हो ।

पशुपालक ३७ जना किसानले एक सय ८५ रोपनी क्षेत्रफलमा घाँसखेती गरेवापत कुल रु पाँच लाख ५५ हजार अनुदान प्रदान गरिएको पशु विकास शाखाका प्राविधिक अमित ढुङ्गानाले बताउनुभयो ।

नगरपालिकासँगको समन्वयमा पशु विकास शाखाले वार्षिक कार्यक्रमअन्तर्गत घाँसखेती गर्ने, दुग्ध उत्पादन गर्ने र मासुका लागि पशुपालन गर्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान दिएको हो । "घाँसखेती विस्तार कार्यक्रमअन्तर्गत किसानले नयाँ प्रजातिका डाले तथा भुँइघाँस विस्तार गरेका छन्", ढुङ्गानाले भन्नुभयो, "यस कार्यक्रमले पशुपालन क्षेत्रमा घाँसको परिपूर्ति गरी उत्पादन लागतमा कमी आउने अपेक्षा गरेका छौं ।"

नगरले दुग्ध उत्पादनको आधारमा अनुदान वितरण थालेको छ । नगरभित्रका दुईवटा दुग्ध उत्पादन सहकारीमार्फत रु चार लाख २० हजार रकम अनुदान दिइएको प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादनको आधार मा प्रदान गरिएको अनुदानले किसानलाई हौसला प्रदान गरेको छ । प्रशासकीय अधिकृत पौडेलले भन्नुभयो, "किसानलाई प्रतिलिटर रु तीनका दरले अनुदान दिएका छौं । यसले पशुपालक किसानलाई हौसला प्रदान गरेको हामीले विश्वास लिएका छौं ।" किसानको माग र आवश्यकताका आधारमा अनुदान थप गर्दै जाने उहाँले बताउनुभयो ।

# छ परिवारलाई सुरक्षित स्थानमा सारियो

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असार

पहिराको उच्च जोखिममा रहेको जिल्लाको अन्नपूर्ण गाउँपालिका–६ हल्लेखर्क रोहोटेका छ परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

म्याग्दी हाइड्रोपावरले निर्माण गरेको १४ मेगावाट क्षमताको घार खोला जलविद्युत् आयोजनाको सुरुङको आउटलेट आसपासको क्षेत्रमा जमिन चिराचिरा परेर भ्वासिन थालेपछि जोखिममा परेका परिवारलाई सुरक्षित स्थानमा सारिएको हो । रामजी बरुवालको परिवारलाई स्थानीय मन्दिरमा राखिएको बताउँदै अन्नपूर्ण–६ का वडाध्यक्ष रामबहादुर खड्काले अन्य परिवारलाई आफन्त तथा अन्यत्र रहेका उहाँहरूकै घरगोठमा सारिएको जानकारी दिनुभयो । उहाँका अनुसार चक्रबहादुर बरुवाल, दुर्गाबहादुर बरुवाल, गणेश खड्का, रगुन खड्का, मनबहादुर बरुवाल र नेत्रबहादुर खड्काको परिवार विस्थापित भएका हुन् ।

सामान्य जोखिममा रहेका दुई परिवारलाई सतर्कता अपनाउन अनुरोध गरिएको वडाध्यक्ष खड्काले बताउनुभयो । उहाँका अनुसार घारखोलाको आउटलेटको दुई किलोमिटर वरपरको क्षेत्र धाँजा फाटेर खेतीयोग्य जमिन र बस्ती जोखिममा परेको हो ।

जनप्रतिनिधि, सुरक्षाकर्मीले घरका सामग्री सार्न सहयोग गर्नुका साथै अन्नपूर्ण गाउँपालिकाले प्राथमिक राहत सामग्री सहयोग गरेको छ । विस्फोटक पदार्थको प्रयोग गरेर घारखोलाको सुरुङ खन्ने क्रममा भएको कम्पन्नको असर अहिले देखिन थालेको स्थानीयले बताएका छन् ।

# पृथ्वी राजमार्ग राति १० देखि बिहान ३ बजेसम्म बन्द हुने

रासस
काठमाडौं, २८ असार

सडक विभागले गत बुधबारदेखि पृथ्वी राजमार्गअन्तर्गत नौबिसे मलेखु सडकखण्डमा पर्ने गणेश खोला, डाइङ्ङ खोला, खेस्टे खोला र पोखरे खोलाका पुल मर्मत गर्नुपर्ने भएकाले राति १० देखि बिहान ३ बजेसम्म बन्द गरिएको बताएको छ ।

सडक प्रयोगकर्तालाई हुनसक्ने जोखिम तथा यातायात आवागमनमा बाधा पर्न जाने देखिएकाले सम्भावित जोखिमलाई दृष्टिगत गरी उक्त सडक बन्द गर्ने निर्णय भएको विभागले जनाएको छ । "गत बुधबारदेखि आगामी साउन ९ गतेसम्म हरेक दिन राति १० बजेदेखि बिहान ३ बजेसम्म सम्पूर्ण सवारीसाधनलाई (एम्बुलेन्स र सुरक्षा निकायले प्रयोग गर्ने सवारीसाधनबाहेक) पूर्ण रूपमा रोकिने व्होरा जानकारी गराइन्छ", विभागद्वारा जारी सूचनामा भनिएको छ । विभागले वैकल्पिक मार्गका रूपमा गल्छी–विदुर–छहरे–टोखा सडक प्रयोग गर्न सम्बद्ध सबैलाई आग्रह गरेको छ ।

# पहिरोले स्वास्थ्य चौकी भवनमा क्षति

पोखरापत्र संवाददाता
बागलुङ, २८ असार

पहिरोले बागलुङ नगरपालिका–१० भकुण्डेस्थित स्वास्थ्य चौकीमा क्षति पुगेको छ ।

स्वास्थ्य चौकी माथिदेखि आएको पहिरोले भकुण्डे स्वास्थ्य चौकीको आधा भाग पुरिएको छ । स्वास्थ्य चौकीको आधा भाग पुरिएपछि स्वास्थ्यकर्मी जोखिम मोलेर काम गर्दैआएका छन् ।

स्वास्थ्य चौकीभन्दा माथिको जग्गामा चिरा परेकाले अझै पहिरो खस्ने खतरा रहेको स्वास्थ्य चौकीका प्रमुख उमेश सर्वुजाले जानकारी दिनुभयो । करिब एक सय मिटर माथिदेखि पहिरो खसेको छ । जोखिम मोलेर बिरामीको उपचार गर्नुपरिरहेको प्रमुख सर्वुजा बताउनुहुन्छ । गत वर्ष मात्रै निर्माण सम्पन्न भएको उक्त स्वास्थ्य चौकी भवन जोखिममा परेपछि सेवा प्रवाहमा समस्या हुन थालेको उहाँले बताउनुभयो । निरन्तर वर्षा भए भवन नै बग्ने जोखिम छ । बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने महिलालाई बढी समस्या भएको उहाँ बताउनुहुन्छ । "पहिला पुरानो जीर्ण भवनबाट सेवा दिँदै आएका थियौं, नयाँ भवन बनेको एक वर्ष मात्रै भयो," प्रमुख सर्वुजाले भन्नुभयो, "दैनिक बिरामी आउँछन्, बाहिरै राखेर उपचार गनुपर्ने अवस्था छ ।"

# चारदेखि ११ दिनको यात्रा, १३ वटा गन्तव्यस्थल

पोखरापत्र संवाददाता
गण्डकी, २८ असार

गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्ग (गुरुङ हेरिटेज ट्रेकिङ ट्रेल)मा चारदेखि ११ दिनको पदयात्रासहित १३ वटा गन्तव्यस्थल (आइटिनरी) सार्वजनिक गरेको छ ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको सहयोगमा प्रचारात्मक पर्चा (ब्रोसर) तयार गर्दै सङ्घले चारदेखि ११ दिनको पदयात्रासहित १३ वटा आइटिनरी सार्वजनिक गरेको संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो ।

जथाभावी बाटो खन्ने नाममा पदमार्ग मासिँदै गएको अवस्थामा सङ्घले गुरुङ जातिको उद्गमस्थल व्होलासोँथरसँगै प्राचीन बस्तीलाई समेट्दै १३ वटा आइटिनरी सार्वजनिक गरिएको अध्यक्ष गुरुङले बताउनुभो । यहाँको संस्कार, संस्कृतिसमेत पदयात्रा पर्यटनसँग जोड्ने गरी यस पदमार्गको प्रवर्द्धन र विकासका लागि पहल थालिएको उहाँको भनाइ छ । गुरुङहरूको प्राचीन बस्ती ताङतिङबाट करापुडाँडा–ताप्रो–व्होलासोँथर–ठूलो लेक–थुर्जु–दूध पोखरी–गुरुङ देउराली–डाँफे खर्क–तिमाङ हुँदै बैँसीसहरसम्मलाई समेटेर गुरुङ सम्पदा पदमार्गका रूपमा विकास गर्न खोजिएको अध्यक्ष गुरुङले बताउनुभयो । उक्त पदमार्गमा पदयात्रा गर्न चाहने स्वदेशी एवं विदेशी पर्यटकलाई सहज होस् भन्ने उद्देश्यले मन्त्रालयको सहयोगमा ब्रोसर तयार गरिएको बताउँदै उहाँले पर्यटकको इच्छा र समयअनुसार पदयात्रा गर्न सक्नेगरी विभिन्न १३ वटा आइटिनरी तय गरिएको जानकारी दिनुभयो । सङ्घले नेपाल पर्यटन बोर्ड, पर्यटन मन्त्रालय गण्डकी प्रदेश र पदमार्ग क्षेत्रका मादी, व्होलासोँथर, मर्स्याङ्दी र चामे गाउँपालिकाको सहयोगमा गत जेठ २१ देखि ३० गतेसम्म उक्त क्षेत्रमा १० दिने पदयात्रा अन्वेषण एवं प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको थियो । नक्साङ्कनसँगै पदयात्रा पर्यटनको विकासका लागि आवश्यक विषयको अध्ययन एवं अनुसन्धानसमेत गरिएको गुरुङले बताउनुभयो ।

गुरुङ समुदायको मौलिक संस्कार र संस्कृतिलाई पर्यटनसँग जोड्ने उद्देश्यका साथ अघि बढाउन लागिएको यो पदमार्गले परापूर्वकालमा भोटमा नुन लिन जाने संस्कृतिलाई पनि जीवन्त राख्ने विश्वास लिइएको सङ्घका महासचिव तुल गुरुङले बताउनुभयो । कास्कीको लमजुङ हुँदै मनाङसम्म जोडिने यस पदमार्ग क्षेत्रमा परापूर्वकालमा भोटमा नुन लिन जाने मार्गका रूपमा चासो र चर्चा कमाएको थियो । पदमार्गमार्फत माथिल्लो भेगमा क्याम्पिङस्थलको विकाससँगै तल्लो भेगका गाउँका सामुदायिक घरबासलाई जोड्ने सङ्घको योजना छ । पदमार्गले पसगाउँ, भाचोक, याङजाकोट, तान्तिङ, सिक्लेसलगायत स्थानका सामुदायिक घरबासलाई पनि जोड्ने छ ।

पदमार्गको नक्साङ्कन कार्य भइरहेको बताउँदै संस्थापक अध्यक्ष गुरुङले चालु आर्थिक वर्षभित्रमा नक्साङ्कन कार्यलाई पूर्णता दिइसक्ने योजना रहेको जानकारी दिनुभयो ।